**कानुन तथा व्यवस्थापन संकायको डीन नियुक्तीका लागि सिफारिस समिति**
**गण्डकी विश्वविद्यालय, पोखरा, गण्डकी प्रदेश, नेपालको सूचना**
**प्रथम पटक प्रकाशित मितिः २०८१/०४/१०**

गण्डकी विश्वविद्यालयमा कानुन तथा व्यवस्थापन संकायको डीन पद एक (१) को नियुक्ति तथा सिफारिस गर्ने प्रयोजनका लागि निम्नानुसार योग्यता पुगेका इच्छुक व्यक्तिहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र र दोब्बर दस्तुर तिरी थप ७ दिनसम्ममा विश्वविद्यालयको कार्यालय मुस्ताङचोक पोखरा वा इमेल vc@gandakiuniversity.edu.np मा देहाय बमोजिमको कागाजातहरु संलग्न गरी निवेदन र आवेदन दस्तुर जम्मा गरेको भौचर सहित पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।

**१. योग्यताः**

**क)** कानुन वा व्यवस्थापन विषयमा स्नातकोत्तर तह उत्तिर्ण गरी सो सम्बन्धी विषयहरु मध्ये कुनै एक विषय/क्षेत्रमा विद्यावारिधी गरेको वा कानुन वा व्यवस्थापन सम्बद्ध विषयको प्राध्यापक पद हासिल गरेको।

**ख)** स्नातक वा माथिल्लो तहमा ७ वर्ष अध्यापन गरेको वा अनुसन्धान सम्बन्धी अनुभव भएको।

**ग)** स्नातकोत्तर तहको कम्तीमा ३ वटा शोधको सुपरिवेक्षण गरेको वा ३ वटा अनुसन्धान परियोजनामा **Principal Investigator (PI)** भई काम गरेको वा उल्लेखित दुवै जोड्दा तीनवटा कार्य सम्पन्न गरेको।

**घ)** पियर रिभ्यु जर्नलमा कम्तीमा पाँच वटा विषयगत अनुसन्धानात्मक लेख प्रकाशन गरेको।

२. नैतिक पतन देखिने फौजदारी कसूरमा अदालतवाट दोषी प्रमाणित नभएको र गण्डकी विश्वविद्यालयसँग कुनै किसिमको स्वार्थ नबाझिएको।

**३. पेश गर्नु पर्ने कागजातहरु**

- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी
- व्यक्तिगत विवरण (Curriculum Vitae)

- शैक्षिक योग्यताको प्रमाणपत्रका प्रतिलिपीहरु (वैदेशिक विश्वविद्यालयवाट अध्ययन गरेको हकमा समकक्षताको प्रमाणपत्र)
- अध्यापन अनुसन्धानको सेवा प्रमाणित पत्र
- शोध सुपरिवेक्षण गरेको प्रमाण
- पियर रिभ्यु जर्नलमा प्रकाशित लेख
- ISBN खुलेको पुस्तकको प्रमाण

४. करिव तीन हजार शब्दमा नबढाई संकाय विकासको दिर्घकालीन शैक्षिक सोच सहितको कार्य योजना (समय सापेक्ष शैक्षिक व्यवस्थापन, शैक्षिक पूर्वाधार विकास, स्रोत साधनको परिचालन, वार्षिक शैक्षिक क्यालेण्डर, समन्वय र सहकार्य साथै शैक्षिक अनुगमन र मुल्याङकन) पेश गर्नुपर्ने छ र सो कार्य योजनाको Plagiarism test गरिएको प्रमाण पेश गर्नु पर्नेछ।

५. आवेदन दस्तुर वापत रु२००० र दोब्बर दस्तुर वापत रु४००० रुपैंया गण्डकी विश्वविद्यालयको NMB बैंक अमरसिंह चोक पोखरामा रहेको खाता नं १२४०१४४४२४१०००१६ (GANDAKI UNIVERSITY AAYA KHATA) मा जम्मा गर्न सकिने छ।

६. थप जानकारीको लागि विश्वविद्यालयको वेभसाइट https://gandakiuniversity.edu.np/ र विश्वविद्यालयको सूचना पाटीमा हेर्न सकिने छ साथै विश्वविद्यालयको फोन नं ०६१-४५०२५१ मा सम्पर्क गर्न सकिने छ।

**संयोजक**
**कानुन तथा व्यवस्थापन संकायको**
**डीन नियुक्तीका लागि सिफारीस**
**समिति**